# नेपाल विद्युत प्राधिकरण

## प्रधान कार्यालय, काठमाडौं

### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि पुनः आवेदन फाराम भर्ने सूचना

(गोरखापत्रमा प्रकाशित मितिः २०८२/०२/१६)

नेपाल विद्युत प्राधिकरणबाट मिति २०८१/०९/०५ मा प्रकाशित प्राविधिक सेवा, इलेक्ट्रिकल समूह/उपसमूह, तह ८, सहायक प्रबन्धक पदको बढुवा सूचना नं. २०८१/८२ प्रा.८/जे.ब.२२, जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, बढुवा सूचना नं. २०८१/८२ प्रा.८/ब.सु.१९, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा तथा बढुवा सूचना नं. २०८१/८२ प्रा.८/आ.प्र. ६, आन्तरिक प्रतियोगिता उपर चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा परेको रिट नं. ०८१-WO-०८१७ मा सम्मानित अदालतबाट मिति २०८१/१२/१९ मा उत्प्रेषणको आदेशद्वारा उल्लेखित बढुवा सूचना बदर गरी पुनः विज्ञापन गर्नु गराउनु भन्ने समेतको परमादेश जारी भएकोले नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधन सहित) मा उल्लेखित व्यवस्थाका आधारमा प्राधिकरणमा रिक्त रहेका देहायका पदहरु देहाय बमोजिम बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि मिति २०८१/१०/०५ सम्ममा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुनेको हकमा २०८१।०९।२५ गते सम्ममा बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा तोकिएको सेवा अवधि तथा शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा ३० दिन भित्र र आन्तरिक प्रतियोगितात्मक परीक्षाको हकमा दिन २१ दिनभित्र नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरी बढुवा आवेदनमा गई Online Application मार्फत रितपूर्वकको दरखास्त आव्हान गरिन्छ। म्याद भित्र प्राप्त नभएका र रित नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा

| बढुवा सूचना नं. २०८१/८२ | पद | तह | सेवा | समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| प्रा.८/जे.ब. २२ (पुनः प्रकाशन) | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | ५१ |

कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा

| बढुवा सूचना नं. २०८१/८२ | पद | तह | सेवा | समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| प्रा.८/ब.सू. १९ (पुनः प्रकाशन) | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | १७ |

आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा

| बढुवा सूचना नं. २०८१/८२ | पद | तह | सेवा | समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| प्रा.८/आ.प्र. ६ (पुनः प्रकाशन) | सहायक प्रबन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | ८ |

१. उपर्युक्त सूचना नेपाल विद्युत प्राधिकरणको वेवसाइट **www.nea.org.np** मा हेर्न सकिनेछ। विद्युतीय प्रणालीमार्फत बढुवाको आवेदन बुझाउने प्रक्रिया नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरे पश्चात् प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ।

२. आवेदन दस्तुरः रु. १४००।- लाग्नेछ। बढुवा आवेदन फाराम भरिसकेपछि Payment tab मा गई उपलब्ध Payment Platform हरु मध्ये कुनै एकबाट उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ। मिति २०८१/०९/०५ गते प्रकाशित भएको उल्लिखित बढुवा सूचना मध्ये कुनै एकमा आवेदन गरेका आवेदकले थप अर्को बढुवा सूचनामा आवेदन दिएमा तथा यसपूर्व आवेदन नगरेका आवेदकहरुले आवेदन दिएमा नियमानुसार लाग्ने दस्तुर बुझाउनु पर्नेछ। पुनः आवेदन नगर्ने पूर्व आवेदकहरुले आवेदन दस्तुर बापतको रकम फिर्ताका लागि निवेदन दिएमा नियमानुसार आवेदकलाई आवेदन दस्तुर वापतको रकम फिर्ता गरिनेछ।

३. पूर्व प्रकाशित बढुवा सूचनामा आवेदन गरेका आवेदकहरुले समेत पुनः दरखास्त पेश गर्नु पर्नेछ। परीक्षा दस्तुर भने साविककै कायम रहनेछ।

४. यो सूचना प्रकाशन भएको मितिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा ३०औं दिन (२०८२/०३/१४ गते) तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि २१औं दिन (२०८२/०३/०५) गते रातको १२:०० बजेसम्म आवेदन पेश गर्न सकिनेछ।

५. सम्मानित सर्वोच्च अदालतको आदेशानुसार उक्त तह र पदको पदसंख्या साविकको व्यवस्था अनुसार बाँडफाँड गर्दा खुलातर्फ कायम हुन आएको रिक्त पदसंख्यामा हेरफेर हुन नआएको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट अन्यथा आदेश भएको समेत नदेखिएकोले प्राधिकरणले यस पूर्व मिति २०८१।०९।०५ गते प्रकाशित गरेको उक्त तह र पदको खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी विज्ञापन नं. २०८१।८२, प्रा.८/४ को सूचना यथावत कायम गरी सो सूचना बमोजिम आवेदन गर्ने उम्मेदवारहरुको नियमानुसार आवेदन स्वीकृत गर्ने लगायतका प्रक्रिया अघि बढाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

६. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरी सक्नुपर्नेछ।

७. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक सबै कागजातहरु स्पष्ट, द्विविधा रहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

८. आवेदन फाराममा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु र विवरण संलग्न नगर्ने उम्मेदवारहरुको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

९. बढुवा भएका उम्मेदवारहरुलाई दरबन्दी रिक्त रहेसम्म सामान्यतया काठमाडौं उपत्यका र शहरी क्षेत्र बाहेकका अन्य कार्यालयमा पदस्थापना गर्न प्राथमिकता दिइनेछ।

१०. थप जानकारीको लागि फोन नं. ०१-४१५३०४८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

२०८२।०८।१८

सदस्य सचिव
पदपूर्ति समिति